मिति २०८२/०८/०८ गतेको कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित सूचना

# डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# Deprosc Laghubitta Bittiya Sanstha Limited

(नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

**कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौं।**

## नायब प्रमुख कार्यकारी अधिकृत पदपूर्ति सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०८ गते)**

नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको वित्तीय कारोबार गर्न इजाजतपत्रप्राप्त यस संस्थाले हाल ७३ जिल्लामा १५८ शाखाहरू मार्फत लघुवित्त सेवा प्रदान गर्दै आईरहेको छ । यस वित्तीय संस्थामा रिक्त रहेको नायब प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धाद्वारा करारमा पदपूर्ति गरिने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय सितापाईला, काठमाण्डौंमा स्वयम् उपस्थित भई “**नायब प्रमुख कार्यकारी अधिकृत पदका लागि आवेदन**” उल्लेख गरी खामबन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१. आवेदकको शैक्षिक योग्यता/अनुभव/उमेर :**

(क) स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको र लघुवित्त वा बैक वा वित्तीय संस्थाको व्यवस्थापकीय तह/श्रेणीमा ७ वर्षको अनुभव भएको वा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र लघुवित्त वा बैक वा वित्तीय संस्थाको व्यवस्थापकीय तह/श्रेणीमा १० वर्षको अनुभव हासिल गरेको हुनु पर्नेछ ।

(ख) दरखास्त दिने अन्तिम मितिमा ४० वर्ष पुरा भई ५८ वर्ष ननाघेको हुनु पर्नेछ ।

**२. आवेदन साथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु :**

(क) शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (ईमेल, मोवाईल नम्बर) सहितको आवेदकले दस्तखत गरेको बिस्तृत व्यक्तिगत विवरण (Bio-Data) ।

(ख) पासपोर्ट साईजको फोटो २ प्रति ।

(ग) आवेदक स्वयम्ले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र (विदेशी विश्वविद्यालयबाट प्राप्त शैक्षिक प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्र समेत) र कार्य अनुभव पुष्ट्याई गर्ने कागजातको प्रतिलिपि ।

(घ) आ.व. २०८१/०८२ को कर चुक्ता, कालो सूचीमा नरहेको पत्र र अपराधिक पृष्ठभूमि नभएको पत्र (प्रहरी रिपोर्ट) ।

(ङ) निम्न लिखित व्यहोराको स्वयम् घोषणाः

- आवेदकले पेश गरेका कागजात तथा विवरणहरू अन्यथा भएमा स्वयम् जिम्मेवार हुने ।
- कुनै राजनीतिक दलको सदस्य नभएको ।
- यस संस्थाको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोबारमा आफै वा आफ्नो परिवारका कुनै सदस्य संलग्न नरहेको वा संस्थासँग निजी स्वार्थ नभएको ।
- भ्रष्टचार वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको, कुनै अपराधिक पृष्ठभूमि नभएको ।
- बैकिङ्ग कसुर तथा सजाय ऐन बमोजिम सजाय नपाएको ।

**३. नियुक्तिको कार्यकाल/समयावधि :** करार ४ वर्षको लागि हुनेछ ।

**४. पारिश्रमिक तथा सेवाको शर्त सुविधा :**

पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू समितिको निर्णय अनुसार करारमा उल्लेख भए बमोजिम हुनेछ ।

**५. छनौट प्रक्रिया :**

संक्षिप्त छनौट (Short listing), व्यावसायिक कार्य योजनाको मूल्याङ्कन, व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण र अन्तरवार्ता ।

**६. अन्य जानकारी :**

(क) छनौट (Short listing) सूचीमा परेका उम्मेदवारलाई मात्र तोकिएको ढाँचामा व्यावसायिक कार्य योजना पेश गर्न लगाईनेछ ।

(ख) व्यावसायिक कार्य योजना पेश गर्ने उम्मेदवारलाई मात्र प्रस्तुतीकरण र अन्तरवार्ताको लागि बोलाईनेछ ।

(ग) कुनै आवेदकले झुट्टा विवरण पेश गरेको ठहर भएमा त्यस्तो आवेदन रद्द गरिनेछ ।

(घ) यो सूचना बमोजिम प्राप्त भएका आवेदनलाई छनौट उप समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।